

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५




## नेपाली भाषाको एकीकरणमा आदिकविको योगदान महत्वपूर्णः मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नेपाली भाषाको एकीकरणमा आदिकवि भानुभक्त आचार्यको योगदान महत्वपूर्ण रहेको बताउनुभएको छ।

भानु वाङ्मय प्रतिष्ठान पोखराद्वारा आदिकवि भानुभक्त आचार्यको २०९औँ जन्मजयन्तीका अवसरमा बुधबार आयोजित कार्यक्रममा उहाँले आजभन्दा दुई शताब्दी अघिको अँध्यारो युगमा पनि समाज सुधारका लागि साहस गर्ने आदिकविले रामायणका माध्यमबाट भाषाको एकीकरण गर्नुभएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो "गण्डकी प्रदेश आफैँमा महत्वपूर्ण प्रदेश हो। भौगोलिक रूपमा एकीकरण गर्ने पृथ्वीनारायण शाह र भाषाको एकीकरण गर्ने भानुभक्तको जन्मस्थान यही गण्डकी प्रदेश रहेको छ।" बहुजातीय, बहुभाषिक, बहुसंस्कृतियुक्त गण्डकी प्रदेशका विविधतालाई यहाँको समृद्धिसँग सरकारले जोड्न चाहेको उहाँले बताउनुभयो । भानु जयन्तीकै



अवसरमा गण्डकी प्रदेश सरकारले बुधबार सार्वजनिक बिदा दिएको जनाउँदै उहाँले आगामी दिनमा भानु वाङ्मय प्रतिष्ठान जस्ता सङ्घसंस्थासँग सहकार्य गर्दै अघि बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । भानुभक्त जस्ता व्यक्तित्वहरू जन्मिएको गण्डकी प्रदेशलाई सांस्कृतिक एवम् साहित्यिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने उहाँले बताउनुभयो । उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले पोखरा-११ फूलबारीस्थित भानु पार्कमा रहेको आदिकवि भानुभक्तको पूर्ण कदको प्रतिमामा माल्यार्पण गर्नुभयो । गण्डकी प्रदेशका शिक्षा, संस्कृति तथा विज्ञान प्रविधिमन्त्री मेखलाल श्रेष्ठले आदिकविको योगदानलाई जीवन्त राख्न प्रदेश सरकारका तर्फबाट निरन्तर साथ र सहयोग हुने विश्वास व्यक्त गर्नुभयो। भानु वाङ्मय प्रतिष्ठानका अध्यक्ष भक्तबहादुर श्रेष्ठले (सरुभक्त) नेपालको भाषिक एकीकरणमा भानुभक्तको विशिष्ट योगदान रहेको बताउनुभयो । उहाँले भन्नुभयो "भाषा, साहित्यको संरक्षण र विकासमा राज्यको ध्यान पुग्नु जरुरी छ।"

कार्यक्रममा पोखरा प्रज्ञा-प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, गण्डकी प्रदेश प्रज्ञा -प्रतिष्ठानका कुलपति सूर्यबहादुर खड्का विखर्ची, पृथ्वीनारायण क्याम्पस नेपाली विभागका प्रमुख प्राडा कुसुमाकर न्यौपाने, भानु वाङ्मय प्रतिष्ठानका उपाध्यक्ष हनिफ मिया, सचिव अम्बिकाप्रसाद भट्टराई, वरिष्ठ पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई, पोखरा-११ का वडाध्यक्ष प्रेम कर्माचार्य, पूर्ववडाध्यक्ष निर्मल कर्माचार्य, आमा समूहका अध्यक्ष मिठु गुरुङ लगायतले नेपाली भाषा साहित्यको विकासमा आदिकविले पुऱ्याउनुभएको योगदानको चर्चा गर्नुभयो।

उक्त अवसरमा पृथ्वीनारायण क्याम्पसमा नेपाली विषयमा उत्कृष्ट अङ्क ल्याउने ममता भट्टराईलाई भानु वाङ्मय पुरस्कारबाट रु १० हजारसहित सम्मानपत्रले सम्मान गरिएको थियो। कार्यक्रममा पोखरा-११ का पूर्व वडाध्यक्ष निर्मल कर्माचार्यले भानु वाङ्मय प्रतिष्ठानले सञ्चालन गर्ने गरी प्रत्येक वर्ष नेपाली विषयका एकजना शिक्षकलाई सम्मानका लागि एक लाख रुपैयाँको अक्षयकोष राख्ने घोषणा गर्नुभयो। यसअघि पोखराको चिप्लेढुङ्गास्थित मानवअधिकार चोकबाट पोखरा-११ भानु उद्यानसम्म प्रभातफेरी गरिएको थियो।

## क्याथ ल्यावको बिहीबार उद्घाटन गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ असार**

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा जडान गरिएको क्याथ ल्यावको बिहीवार उद्घाटन गरिने छ।

क्याथ ल्याव मुटुका समस्या भएकाहरुको जाँचका लागि गत माघमा जडान गरिएको क्याथ ल्याव औपचारिक रुपमा उद्घाटन गर्न लागिएको हो । पोखरा लगायत रोटरी क्लवहरुको तर्फबाट पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा जडान गरिएको क्याथ ल्यावको संयुक्त रुपमा हस्तान्तरण गरिने कार्यक्रम तय भएको छ। मुटुको उपचारका लागि जडान गरिएको क्याथ ल्यावाट एन्जिओग्राम, एन्जियोप्लाष्टि र मुटुको शल्यक्रियाका लागि आवश्यक जाँच गरिने रोटरी क्लव अफ पोखराका पूर्व अध्यक्ष तथा रोटरी मुटु उपचार केन्द्र परियोजनाका संयोजक बाबुराम वरालले जानकारी दिए। सो कार्यक्रममा प्रमुख अतिथिको रुपमा स्वास्थ्य मन्त्री भवानीप्रसाद




खापुङ, गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, रोटरी इन्टरनेशनल वर्ष २०२१/२०२२ का अन्तर्राष्ट्रिय अध्यक्ष शेखर मेहता आउने कार्यक्रम रहेको छ । पोखरामा क्याथ ल्याव जडान गर्नुको एउटै उद्देश्य सबैका लागि मुटुको सस्याबाट ज्यान जोखिममा पर्न नदिन र सवैको स्वास्थ्य स्वस्थ बनाउनु परियोजनाका संयोजक बराललले भने । पोखरा लगायत यस क्षेत्र वरिपरिका स्थानवाट कयौं व्यक्तिहरु मुटु उपचारको लागि काठमाडौं वा बाहिर जानुपर्ने बाध्यतालाई विस्तारै कम गर्ने उद्देश्य रहेको संयोजक वराललले वताए । पश्चिमाञ्चल अस्पतालमा अहिले मुटु रोग विशेषज्ञका रुपमा तीनजना डाक्टरहरु कार्यरत छन्। पोखराका ७ वोटा क्लवको तर्फबाट समितिमा बाबुराम बराल, माधव प्रसाद सिग्देल, बिनोद प्रसाद हेज्यू, बिश्वप्रसाद कर्माचार्य, बाबुराम पाठक, जयराम पौडेल र अब्राहम खान रहेका छन्।

## उपसभामुख पदको निर्वाचनको कार्यतालिका सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ असार**

प्रतिनिधिसभाको उपसभामुख पदको निर्वाचन यही असार ३१ गते शुक्रबार अपराह्न ३ बजेका लागि तोकिएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले सो जानकारी दिनुहुँदै प्रतिनिधिसभा नियमावली २०७५ बमोजिम प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीलाई तत्काल उपसभामुखको निर्वाचन कार्यातालिका प्रकाशित गर्न निर्देशन दिनुभएको थियो।

यही असार ३० गते बिहीबार बिहान ११ देखि १ बजेसम्म प्रतिनिधिसभाको कुनै सदस्यलाई उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दर्ता गर्ने कार्यक्रम रहेको सङ्घीय संसद् सचिवालयले जनाएको छ । प्रतिनिधिसभाका सचिवसमक्ष सो प्रस्तावको सूचना दर्ता गर्नुपर्ने छ। सोही दिन अपराह्न १:३० बजे सङ्घीय संसद् भवनको सूचना पाटीमा निर्धारित समयभित्र दर्ता भएको उम्मेदवारीको सूचनाको दर्ता क्रम अनुसारको सूची प्रकाशन गरिने छ । असार ३१ गते शुक्रबार अपराह्न ३ बजे बस्ने प्रतिनिधिसभाको बैठकमा उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावकले प्रस्ताव गर्ने र समर्थकले समर्थन गर्ने, उम्मेदवारीको सूचनामाथि सामूहिक छलफल हुने र दर्ता क्रमअनुसार निर्णायर्थ प्रस्तुत गर्ने कार्यक्रम छ। त्यसैगरी बुधबारको वैठकमा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## विकासको गतिले तीव्रता पाउँछ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, २९ असार**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले देश एउटा गतिमा अगाडि बढिसकेकाले अब विकासको कामलाई तीव्रता दिने बताउनुभएको छ । तनहुँको भानु नगरपालिका-१ स्थित भन्सार युवा क्लबको आयोजनामा सञ्चालित भानु कप फुटबल प्रतियोगिताको समापन कार्यक्रममा उहाँले देशले निकास पाएकाले अब विकासका कामले पनि तीव्रता पाउने उल्लेख गर्नुभयो।

संविधान निर्माण र संविधानको कार्यान्वयनले गर्दा विकासको काम केही समय रोकिएको बताउँदै वरिष्ठ नेता पौडेलले अब विकासको कामलाई पनि टुङ्गोमा पुऱ्याउने बताउनुभयो। "संविधानको पालना गर्नुपर्दा रोकिएका विकासको काममा ध्यान दिन सकेका थिएनौँ, अब तनहुँमा विकासले काँचुली फेर्छ", पौडेलले भन्नुभयो।

उहाँले पाँचदलीय गठबन्धन कायमै रहने बताउनुभयो। स्थानीय तह निर्वाचनमा गरिएको गठबन्धन सफल भएको बताउँदै पौडेलले आगामी निर्वाचनसम्म गठबन्धनले निरन्तरता पाउने बताउनुभयो । "गठबन्धन अहिलेको आवश्यकता हो, यसमा तलमाथि हुँदैन", उहाँले भन्नुभयो । पौडेलले आदिकवि भानुभक्त आचार्यको जन्मगाउँलाई विश्वकै पर्यटकीय धार्मिक गन्तव्य बनाइने बताउनुभयो। "जसरी मक्का मदिना आज मुस्लिम समुदायको आकर्षणको केन्द्र बनेको छ, भानु जन्मस्थललाईपनिधार्मिकसाहित्यको केन्द्र बनाउनेतर्फ लागिपरेका छौँ", पौडेलले भन्नुभयो। यसैबीच पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले आदिकवि भानुभक्त आचार्यको जन्मस्थललाई साहित्यिक धामका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ । २०९औँ भानुजयन्तीका अवसरमा आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले बुधबार भानु नगरपालिका-४ चुँदीरम्घामा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री श्रेष्ठले यस ठाउँलाई साहित्यिक धामका रुपमा विकास गर्नुपर्ने बताउनुभयो।

पूर्वमन्त्री श्रेष्ठले नेपाली भाषाको एकीकरणमा आदिकवि भानुभक्त आचार्यको योगदान अतुलनीय रहेको बताउँदै चुँदीरम्घालाई साहित्यिक धाम बनाएर पर्यटक आकर्षित गर्नुपर्ने उल्लेख गर्नुभयो। भानु जन्मस्थल विकास समितिलाई कहिले स्थानीय सरकारमातहत राख्ने र कहिले नेतृत्वविहीन हुँदा काममा ढिलाइ भएको बताउँदै पूर्वमन्त्री श्रेष्ठले भन्नुभयो, "समितिलाई अहिले पुनः सङ्घीय सरकार मातहत ल्याउन सकिएको छ, अब यसको विकासका लागि ढिलाइ नगरौँ। सबै एकजुट भएर लागौँ।"

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले भानुभक्तलाई वर्षको एक दिन मात्र नभई सधैँभर सम्झिनुपर्ने बताउनुभयो। भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले भानु जन्मस्थलको विकासका लागि नगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो । आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका अध्यक्ष ऋषिराम पन्तको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल, नेकपा (एकीकृत समाजवादी)का पोलिटव्यूरो सदस्य प्रतापलाल श्रेष्ठलगायतले भानु जन्मस्थलको विकासका बारेमा धारणा राख्नुभएको थियो। भानु जयन्तीका अवसरमा आयोजित राष्ट्रियस्तरको कविता प्रतियोगिताका विजेतालाई सोही अवसरमा पुरस्कार प्रदान गरिएको छ । प्रतियोगितामा रामेछापका विक्रमपवन परियार प्रथम हुनुभएको छ। त्यस्तै पर्वतका तारानाथ पराजुली द्वितीय, पर्वतकै लक्ष्मीदेव गौडेल तृतीय, अछामका मीनप्रसाद पाण्डे र मोरङका केशव भण्डारी सान्त्वना हुनुभएको छ।

## विनियोजन विधेयक सम्बन्धमा सम्बन्धित मन्त्रीको जवाफ

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ असार**


गण्डकी प्रदेशसभाको आजको बैठकमा विनियोजन विधेयकमाथिको छलफलका क्रममा मन्त्रालयगत शीर्षकमा उठेका प्रश्नको सम्बन्धित मन्त्रीले जवाफ दिनुभएको छ।

जवाफमा अधिकांशले सीमित साधनस्रोतका बाबजुद प्रदेशवासीका अपेक्षालाई सम्बोधनगर्नखोजिएकोबताउनुभयो। सरकारका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले प्रहरीमा दरबन्दीभन्दा धेरै कम जनशक्ति हुँदा अपेक्षित काम गर्न कठिनाइ भएको बताउनुभयो। विपद् व्यवस्थापनलाई सरकारले प्राथमिकतामा राखेको उहाँले जानकारी दिनुभयो। इलाका प्रहरी तथा प्रहरी चौकीमा सवारी साधनको कमी भएको विषय आए पनि आगामी आवमा अत्यावश्यक बाहेक सवारीसाधन खरिद नगर्ने नीतिका कारण त्यसका लागि बजेट विनियोजन नभएको उहाँले बताउनुभयो। वन वातावरण तथा भूसंरक्षणमन्त्री दीपक थापाले बाँदरका कारण कृषक समस्यामा परेका कारण यसको समाधानका लागि बाँदर पार्कको सम्भाव्यता अध्ययन गर्न खोजिएको बताउनुभयो । कानुन, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले निर्माण गरिएका कानुनको कार्यान्वयनलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो। प्रदेशमा बनेकामध्ये ३९ वटा कानुन कार्यान्वयनका क्रममा रहेको उहाँले जानकारी दिनुभयो । भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढाले कृषिमा उत्पादन र उत्पादकत्व बढाउँदै आयात प्रतिस्थापन गर्ने सरकारको योजना रहेको बताउनुभयो । उत्पादनका आधारमा प्रोत्साहन, प्रभावकारी बजार व्यवस्थापन लगायतका विषयलाई जोड दिइएको उहाँले उल्लेख गर्नुभयो।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधुमाया गुरुङले स्वास्थ्य सेवालाई


**बाँकी अन्तिम पृष्ठमा ▶▶**





# कृषिलाई यान्त्रिकरणमा जोड्दैं गाँउपालिका

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २९ असार



अर्जुनचौपारीगाँउपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन यान्त्रिकरणमा जोड्ने गरी अगाडी बढेको छ।

परम्परागत कृषि प्रणालीलाई हटाएर यान्त्रिकरण मार्फत कृषि उत्पादन बढाउने उदेश्यले गाँउपालिकाले हाते ट्याक्टरको व्यवस्था मिलाएको हो । गाउँपालिकाले कृषकलाई अनुदानमा हाते ट्र्याक्टर र कम्बाइन मिल वितरण गरेर यान्त्रिकरण मार्फत किसानलाई आर्कशित गर्दैछ।

पालिकाले कृषकहरुलाई आधुनिक कृषि प्रणालीमा जोड दिदै ५० प्रतिशत अनुदानमा ३२ वटा हाते ट्र्याक्टर र ३२ वटा कम्बाइन मिल वितरण गरेको छ । किसानलाई कृषि पेशाप्रति आकर्षित गर्दै परम्परागत कृषि प्रणालीलाई बदल्दै यान्त्रीकरण र व्यवसायीकरण गर्ने उदेश्यले हाते ट्र्याक्टर र कुटानी पिसनीको सहजका लागि कम्बाइन मिल वितरण गरेको पालिका अध्यक्ष प्रकाश तिवारीले बताए । गोरुले जोत्दा समय धेरै लाग्ने, खर्च तथा मेहेनत धेरै हुने बताउदै तिवारीले कुटानी पिसानीको लागि स्थानीयले पालो कुरेर गर्नुपर्ने बाध्यता हटाउन यो अभियान शुरु गरेको बताए । पालिकाले हरेक बर्ष मागको आधारमा प्राथमिकतामा राखेर हाते ट्र्याक्टर र कम्बाइन मिल प्रदान गरेको उपाध्यक्ष सपना गुरुङले बताइन् । पालिकामा उब्जनी हुने जमिन बाँझो हुने परिस्थिती सिर्जना हुन थालेपछि यान्त्रिकरण मार्फत सहज हुने अपेक्षा राखेर कृषि सामाग्री उपलब्ध गराएको उनको भनाई छ । पुर्खौली अवस्थादेखि नै दिनभरी लगाएर खेतबारी जोत्न धैरै मेहेनत गर्नुपरेको र समयमै गोरु नपाउँदाको पिडा सुनाउँदै अर्जुनचौपारी ४ का रिकु सार्कीले अब त एक दुई घण्टामै आफ्नो खेत बारी जोत्न सकिने र गोरु खोज्दै हिँड्नुपर्ने अवस्थाको अन्त्य भएको बताए। छिमेकीकोमा जोत्ने लगायतका काम गरेर जिबिकोपार्जन गरेको बताउदै सार्कीले अब हाते ट्याक्टरबाट गाउँमा काम गर्ने बातावरण पालिकाले मिलाएकोमा खुशी व्यक्त गरे।

बजारदेखि टाढा घर रहेको र कुटानी पिसनीको लागि धैरै दुख काटेको बताउदै वडा नं १ कटुवाकी सुधा कार्कीले अब कम्बाइन मिलले सहज हुनेमा ढुक्क छिन् । कुटानीका लागि आउने अन्यलाई पनि सेवा दिने बतान् । पालिकाले तीन हर्ष पावरको कम्बाइन मिल ३२ वटा तथा छ हर्ष पावरका २० वटा र १२ वटा सात हर्ष पावरका हाते ट्र्याक्टर बितरण गरेको छ । ५० प्रतिशत अनुदानमा बितरण गरिएको कम्बाइन मिललाई १४ हजार ९९० तथा छ हर्ष पावरको हाते ट्र्याक्टरलाई २३ हजार २५५ र सात हर्ष पावरको २६ हजार आठ सय तितेर कृषकले प्राप्त गरेका हुन् । आवश्यकता, टोल, बिगतमा अनुदान लिएको हेरेर होते ट्र्याक्टर कम्बाइन मिल बितरण गरेको बताउदै प्रमुख प्रसासकिय अधिकृत उज्वल बस्नेतले धैरै माग हुदा सबैलाई दिन नसकेको र फेरी खरिद गरी बितरण गरिने बताए।

# बुद्ध विशाल बजारमा साउन १ गतेदेखि नि:शुल्क उपाहरै उपाहर

पोखरापत्र संवाददाता
पोखरा, २९ असार




कपडा किन्दै हुनुहुन्छ ? बुद्ध विशाल बजार भित्र पाइने कुनै पनि सामन किन्न जाँदै हुनुहुन्छ ? जुन सुकै सामन किन्नुहोस सामन किने पछिको कुपन लिन नविर्सनुहोला । कुनै पनि पसलबाट रु पाँच सयको समान खरिद गर्दा एउटा उपहार कुपन र १५ सय भन्दा बढीको खरिद गर्दा २ वटा उपहार कुपन उपलब्ध गराइने बुधवार पत्रकार सम्मेलनमा जानकारी दिएको हो।

पोखरा महानगरपालिका महेन्द्रपुल स्थित बुद्ध विशाल बजार व्यापारिक एशोसिएसनले व्यवसाय प्रवर्द्धनका लागि उपहार कार्यक्रम ल्याएको हो । उपहार कार्यक्रम साउन १ गतेदेखि पाँच महिनासम्म सञ्चालन हुने छ । विशेष गरी नेपालीहरुका चाडपर्वलाई लक्षित गरी उपहार कार्यक्रम एशोसिएसनले ल्याएको हो । एशोसिएसनका अध्यक्ष केशवबहादुर खत्रीले उपहार कार्यक्रममा प्रथम पुरस्कार स्कुटर, दोस्रो उपहार ४३ इन्चको स्मार्ट टेलिभिजन र तृतीय पुरस्कार स्मार्ट फोन १५ हजार बराबरको ३ जनालाई प्रदान गरिने बताए। मासिक विशेष उपहारको सपिङ भौचर रु पाँचहजार बराबरको चार जना ग्रहाकलाइ लक्की ड्र मार्फत प्रत्येक महिनाको अन्तिम बुधवार सार्वजनिक गरिने एशोसिएसनका कोषाध्यक्ष तथा नि:शुल्क उपहार कार्यक्रमका संयोजक थमनसिंह गुरुङले स्वागत गर्दै भने।

बजार व्यापारिक एशोसिएसनका मानार्थ सदस्य तथा सल्लाहाकार सुदीप ढकालले २० वर्ष अघि उपहार कार्यक्रम सुरु गरिएको भने। संस्थाले व्यापारिक सँगै सामाजिक उत्तरदायित्व अन्तर्गत पनि कार्यक्रम गर्दै आएको सल्लाहाकार ढकालले वताए । संस्थाका महासचिव बुद्धिबहादुर कुँवरले एशोसिएसनले तीन जना छात्रछात्रालाई छात्रवृत्ति समेत उपलब्ध गराएको छ। एक सय ७५ व्यक्तिका दुइ सय ४० सटर रहेको बुद्ध विशाल बजारमा फेन्सी, कष्मेटिक लगागतका सामान खरिद र बिक्री हुने गरेको महासचिव कुँवरले कार्यक्रम चलाउँदै भने । पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ कास्की शाखाका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाले व्यपारीहरुले लाभ सँगै सामाजिक कार्यमा पनि ध्यान दिएर अगाडि बढ्नु पर्ने धारणा राखे। सोही कार्यक्रममा बुद्ध विशाल बजार भित्र सिनेमा हल सञ्चालनको लागि योजना बनाएर तयारी थालिएको छ। आगमी एक वर्ष भित्र हललाई सञ्चालनमा ल्याउने गरी यो कामलाई पूरा गर्नका लागि एशोसिएसनका प्रेस संयोजक मनोहरी पौडेलले जिम्मेवारी दिइएको अध्यक्ष खत्रीले बताए। प्रेस संयोजक पौडेलका अनुसार करिब एक सय देखी दुईसय सम्म दर्शक अट्न सक्ने सिनेमा हल निर्माणको लागि अध्ययन भइरहेको पोखरापत्रलाइ भने। उपभोक्तालाई आकर्षित गर्नका लागि नयाँ प्रविधि जडान गरी हल सञ्चालनको योजना बनाइएको प्रेस संयोजक पौडेलले वताए।

## उपसभामुख...

'तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९' विधेयक राष्ट्रियसभाबाट संशोधन विना पारित भएको जानकारी गराइएको छ। बैठकमा प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले प्रतिनिधिसभामा उत्पत्ति भएको सो विधेयक मङ्गलबार राष्ट्रियसभाबाट पारित भएको व्यहोराको पत्र पढेर सुनाउनुभयो। पत्रमा यही असार २२ गते कानुन, न्याय तथा मानवअधिकार समितिको प्रतिवेदनसहित पारित भएको सन्देशसहित राष्ट्रियसभामा प्राप्त 'तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९' राष्ट्रियसभाको मङ्गलबार बसेको बैठकले संशोधन विना पारित गरेकाले राष्ट्रियसभाको नियमावली २०७५ को नियम १२४ को उपनियम ५ बमोजिम सन्देशसहित उक्त विधेयक प्रतिनिधिसभाका फिर्ता पठाइएको व्यहोरा उल्लेख छ।

## विनियोजन...

सहज, सुलभ तथा प्रभावकारी बनाउने विषयलाई प्राथमिकतामा राखिएको बताउनुभयो। प्रदेशमा नियमित खोप कार्यक्रमअन्तर्गत १५ महिना मुनिका बालबालिका सबैले खोप पाएको उहाँले जानकारी गराउनुभयो । कोभिड-१९ विरुद्धको खोप १२ वर्ष माथिकाले दुई मात्रा पाइसकेको मन्त्री गुरुङले उल्लेख गर्नुभयो । शिक्षा, संस्कृति तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले कानुन तथा साधन स्रोतभित्र रहेर कार्यक्रम अघि सारिएको बताउनुभयो । प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि बजारको आवश्यकताअनुसार दक्ष जनशक्ति निर्माण गर्नका लागि सरकारले बजेट छुट्याइएको उहाँले बताउनुभयो । यसबाट स्वरोजगारी बनाउँदै उत्पादनसँग जोड्ने लक्ष्य राखिएको उहाँले जानकारी दिनुभयो । उद्योग, पर्यटन, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले होमस्टेमा स्थानीय उत्पादनलाई जोड दिइएको बताउँदै राम्रो अनुगमन गरेर मात्रै होमस्टेमा लगानी गर्ने स्पष्ट पार्नुभयो । नवलपुरको लौकाहा खोला र कास्कीको पुडिटार र तनहुँको शुक्ला गण्डकी नगरपालिकामा बन्ने भनिएका औद्योगिक क्षेत्रका लागि केही काम अघि बढेको उहाँले जानकारी दिनुभयो। लौकाहा खोलाको नापी भएको र १४१ बिघा जमिन प्रमाणित भएको जानकारी दिदै उहाँले तनहुँको शुक्लागण्डकीतर्फ लगभग एक हजार ३०० रोपनी नापी भएको र कास्कीमा नापीको काम अझै तीव्रता नआएको जानकारी दिनुभयो।

युवा तथा खेलकुदमन्त्री राजीव गुरुङ 'दीपक मनाङेले बजेट थोरै भएकै कारण बनाएका खेल मैदानको स्तरोन्नति गर्न नसकेको बताउनुभयो। अघिल्लो वर्ष प्रदेशभरि २५० खेल मैदान बनाएको र १५० पनि निर्माण प्रक्रिया पूरा हुने क्रममा रहेको उहाँले जानकारी दिनुभयो।


## श्री भद्रकाली माध्यमिक विद्यालय
### कुँडहर, पोखरा-१३

## सिलबन्दी दरभाउ पत्र माग गरिएको सूचना

सूचना प्रकाशित मितिः २०७९/०३/३० गते

यस श्री भद्रकाली माध्यमिक विद्यालय कुँडहर, पोखरा-१३, कास्कीमा यस शैक्षिक वर्ष २०७९/८० मा तपशिल बमोजिमको डेक्स बेन्च र White Board खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीले तपशिलको ढाँचामा रही सूचना प्रकाशन भएको मितिदेखि १५ दिनभित्र विद्यालय समयमा आई शिलबन्दि दरभाउ पेश गर्न हुन सूचित गरिन्छ।

तपशिलः

| क्र. सं. | विवरण | थान | प्रति इकाई मुल्य | कैफियत |
| --- | --- | --- | --- | --- |
| ०१ | डेक्स बेन्च (फलामको जोडिएको फ्रेममा) | ६४ | | **डेक्सतर्फः** क) डेक्सको उचाईः २ फिट ७ इन्च ख) डेक्सको चौडाइ १ फिट ३ इन्च **वेन्चतर्फः** क) बेन्चको उचाईः १ फिट ६ इन्च ख) बेन्चको चौडाइ १ फिट १ इन्च **डेक्स बेन्चको सयुक्त चौडाईः** क) २ फिट ६ इन्च **डेक्स बेन्चको लम्बाइः** क) ६ फिट २ इन्च **नोटः** डेक्स बेन्चमा प्रयोग गरिने वोर्ड प्लाई तथा प्लाई कम्तीमा १२ mm बाक्लो हुनु पर्ने। डेक्स बेन्चमा प्रयोग हुने फलामको फ्रेम १.५ x १.५ को एङ्गल रड हुनु पर्नेछ। तयारी डेक्स बेन्चमा रंगरोगनसहित फोरमाइका टाँस गरिएको हुनुपर्ने। |
| ०२ | White Board | ०६ | | वोर्डर बाहेक लम्बाई ८ फिट र चौडाइ ४ फिट |

पुनश्चः दर्ता शुल्क रू. १००/-

☛ यो सूचनामा उल्लेख गरिएको बाहेक अन्य विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

☛ सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार विद्यालय व्यवस्थापन समितिमा रहनेछ।

आवश्यक कागजातहरू :

क) नेपाली नागरिकता ख) इजाजत पत्र ग) फर्म दर्ता घ) कर चुक्ता प्रमाणपत्र
ङ) स्थायी लेखा दर्ता प्रमाणपत्र

सम्पर्क फोन नं. ९८४६०४४२४९, ९८४६१५०७८८, ०६१-५३३७८७

विद्यालय प्रशासन



## बुटिक पसल बिक्रीमा

पोखरा-४ चिप्लेढुंगा, मानवअधिकार चोक UFO अगाडि अति चालु अवस्थामा रहेको फ्लोरा द बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।

सम्पर्कः
मो. ९८०४१४९२६३, ९८५६०३६१२१



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । - विदुरनीति

**सम्पादकीय**

# खोइ सम्पत्ति विवरण

जवाफदेहिता, सुशासन र पारदर्शिता लोकतन्त्रको गहना हो । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीको सरकारलाई विस्थापित गरि बनेको गठबन्धन सरकार जनताप्रति उत्तरदायी हुन सकेन । पारदर्शिता, सुशासन र जवाफदेही हुन सकेको छैन । सरकार संचालनमा एक वर्षको अवधि पुरै खेर गएको छ । प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकार गठन भएको एक वर्ष पूरा भयो अहिलेसम्म प्रधानमन्त्री तथा मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक भएन । २९ असार २०७८ मा प्रधानमन्त्री नियुक्त भएका देउवाले सोही दिन ४ जनालाई मन्त्री नियुक्त गरेका थिए । यो बीचमा पटक-पटक मन्त्रीहरु हेरफेर भएका छन् । एक वर्षको बीचमा ३ मन्त्रीले राजीनामा दिएका छन भने ८ मन्त्री फेरिएका छन् । राजीनामा दिएका र फेरिएका सहित सुरुमै क्याबिनेट मै रहेका मन्त्रीहरुले पनि अहिलेसम्म सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन् ।

देउवाले २९ असार २०७८ मा नेपाली काग्रेस र नेकपा माओवादी केन्द्रबाट २ जना सहित पहिलो मन्त्रीमण्डल गठन गरेका थिए । १० साउनमा उमेश श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्री बनाए । ६ असोजमा डा. नारायण खड्का परराष्ट्र मन्त्री नियुक्त भए । २२ असोजमा (२५ सदस्यीय मन्त्रीमण्डल) गठबन्धन सरकारले पूर्णता पायो । त्यसको दुई दिनमै उद्योगमन्त्री गजेन्द्र हमालले राजीनामा गरे । त्यसपछि उद्योग मन्त्रालय ९ महिना रित्त रह्यो । त्यसपछि सो मन्त्रालयमा दीलेन्द्रप्रसाद बडु पुगे । देउवाले २४ चैत २०७८ मा कानुन मन्त्रीमा गोविन्द कोइराला (बन्दी) लाई नियुक्त गरे । यसअघि २२ असोजमा मै रक्षामन्त्री नियुक्त भएका मीनेन्द्र रिजालले कांग्रेसको १४औं महाधिवेशनमा महामन्त्रीमा पराजित भएपछि दुई महिनामै नैतिकताका आधारमा राजीनामा दिए । उनको पनि सम्पत्ति विवरण सार्वजनिक भएन ।

१२ असार २०७९ मा मन्त्रीमण्डल पुनःहेरफेर भयो । नेकपा, एकीकृत समाजवादीबाट ५ मन्त्री परिवर्तन भए । २० असारमा जनता समाजवादी पार्टीबाट ३ मन्त्री परिवर्तन भए । बजेट निर्माण गर्दा अनाधिकृत व्यक्ति प्रवेश गरेको विषयले सर्वत्र आलोचना भएपछि २२ असारमा अर्थमन्त्री जनार्दन शर्माले राजीनामा दिए । देउवा नेतृत्वको सरकार गठन भएयता १० जना मन्त्रीले राजीनामा दिइसकेका छन् । तर, कसैको सम्पत्ति विवरण भने सार्वजनिक गरिएको छैन । मन्त्री नियुक्ति भए पछि र मन्त्रीबाट हटेपछि सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ । विगतमा भएका उदाहरण छन।केपी ओली सरकारका मन्त्रीले पदबाट हटेपछि सम्पत्ति विवरण सार्वजनिक गरेर पारदर्शिता देखाएको एक वर्ष भएको छ।ओलीको धेरै आलोचना गरेर बनेको सरकारले त्यति पनि गर्न नसक्नु विडम्बना हो ।

२०७४ को संसदीय चुनावपछि केपी शर्मा ओली नेतृत्वमा बनेको सरकारले सबै मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गरेको थियो । सरकार हेरफेर र विस्तारका क्रममा थपिएका मन्त्रीहरुको विवरण त्यसबेला पनि सार्वजनिक भएन । तर, शेरबहादुर तामाङ लगायतले मन्त्री नियुक्त भएपछि स्वतःस्फूर्त रुपमा आफैंले त्यस्तो सम्पत्ति विवरण सार्वजनिक गरेका थिए । तत्कालीन सरकारले २० असार २०७५ मा प्रकाशित गरेको राजपत्र अनुसार प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीले आफ्नो सम्पत्ति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउनुपर्छ । यस्तो विवरण दुई महिनाभित्र राष्ट्रिय सतर्कता केन्द्रमा पठाउनुपर्छ । तर, सार्वजनिक गर्न कानुनी रुपमा बाध्यकारी व्यवस्था भन एक वर्षसम्म सम्पत्ति विवरण सार्वजनिक नगर्नुलाई अनुत्तरदायी व्यवाहारको हो । अलिकति पनि नैतिक रुपमा नउभिए पछि जवाफदेही, उत्तरदायी हुनुपर्दैन । सरकार अहिले यस्तै भएको छ । अख्तियारले चाह्यो भने सरकारका मन्त्रीहरुको सम्पत्ति छानविन गर्न सक्छ, गर्नु पनि पर्छ ।अहिलेको सरकार कामचलाउ मात्रै देखिएको छ । नैतिक जिम्मेवारी केही लिदैन, कहिले अमेरिका भ्रमण भनेको छ, कहिले स्थगित भयो भनेको छ । एसपीपीमा अहिलेसम्म अमेरिकालाई चिठी लेख्न सकेको छैन । अर्थमन्त्री विवादित भएर निस्केका छन् । यस्ता त अनेक छन् । अब यस्तो सरकारलाई सुशासनको प्रश्नपनि के गर्नु ?


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक क्षमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाव |

**हरिसिद्वि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# स्वामित्व ग्रहण र पूर्वाधार अभावले भानु गृह निर्माण कार्य अलपत्र

– कृष्ण न्यौपान

दमौली, २९ असार (रासस)

राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जन्मघर पुनःनिर्माणको काम शिलान्यास भएको छ वर्ष बित्दा पनि सुरु हुनसकेको छैन।तनहुँको भानुनगरपालिका-४ शिखरकटेरीस्थित भानुगृह पुनःनिर्माणको लागि छ वर्षअघि शिलान्यास भए पनि काम अघि बढ्न नसकेको हो । पश्चिमाञ्चल विकास मञ्चले भानु गृहको पुनःनिर्माणका लागि २०७३ चैत २२ गते 'भानु शिखर कटेरी' को शिलान्यास गरेको थियो । रु ६८ लाखको लागतमा निर्माण हुने भनिएको भानुगृहको त्यसपछि कुनै काम सुरु भएको छैन ।

भानु गृहनिर्माणका लागि स्वामित्व ग्रहण र पूर्वाधार अभावको मुख्य समस्या देखिएको सरोकारवाला बताउँछन् । पश्चिमाञ्चल विकास मञ्चका संस्थापक अध्यक्ष रामकाजी कोने पूर्वाधार निर्माण, स्वामित्व ग्रहण र सुरक्षा अभावका कारण भानु घरको काम सुरु गर्न नसकिएको बताउनुहुन्छ । "प्रत्येक वर्ष भानु जयन्तीको बेलामात्रै भानु घर निर्माणको कुरा आउने गरेको छ, हामीलाई भानु घर निर्माणका लागि कुनै समस्या छैन," कोनेले भन्नुभयो, "भानु घर त बनाउने तर त्यसको संरक्षण कसले गर्ने भन्ने प्रतिबद्धता नआउँदा बेवारिसे हुने हो की भन्ने चिन्ता लागेको छ ।"

भानु गृह निर्माण गर्ने ठाउँ सामुदायिक वनभित्र रहेकाले सुरक्षाको पनि समस्या देखिएको उहाँको भनाइ छ । "भानु गृह निर्माण गरेर मात्रै भएन, त्यसको संरक्षण हुनुपर्छ, शिखर कटेरीमा सुरक्षाको राम्रो प्रबन्ध मिलाउनुपर्छ," उहाँले भन्नुभयो, "प्रहरीको एउटा युनिट नै त्यहाँ नराखीकन त्यसको संरक्षण हुनसक्दैन ।" कोनेका अनुसार भानु गृहको संरक्षण भानु नगरपालिकाले गर्ने हो की भानु जन्मस्थल विकास समितिले गर्ने भन्ने विषयमा प्रष्ट छैन । "स्वामित्व कसले लिने भन्ने भन्ने प्रतिबद्धता आयो भने काम सुरु भइहाल्छ । अहिले शिखरकटेरीमा रामायण भवन निर्माण भएको छ, त्यो पनि बेवारिसे अवस्थामा पुगिसक्यो," उहाँले भन्नुभयो । भानु गृह निर्माणका लागि पूर्वाधारको तयारी नगरिएकामा उहाँको गुनासो छ । बाह्रैमास चल्ने सडक, खानेपानीको अभाव, सुरक्षाको प्रबन्ध नभएका कारण पनि काम सुरु गर्न नसकेको बताइएको छ । भानु गृह निर्माण गरेर आफूहरूले मात्र त्यसको संरक्षण गर्न नसक्ने कोनेको भनाइ छ । "चुँदी रम्घामा रहेको आदिकवि भानु जन्मस्थल विकास समितिको कार्यालय शिखरकटेरीमा स्थानान्तरणका लागि आफूहरूले माग गरेको कोनेले बताउनुभयो । विसं २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा यादव खरेलले 'आदिकवि भानुभक्त' नामक चलचित्र निर्माण गर्नका लागि भानुभक्तको घर रु एक लाखमा पुनःनिर्माण गर्नुभएको थियो । जङ्गलबीचको खरको छानाको घरमा २०६१ जेठमा आगलागी हुँदा करीब रु एक लाख २७ हजारको क्षति भएको थियो । भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठी राष्ट्रिय विभूतिको अलपत्र रहेको घर पुनःनिर्माण नहुनु दुःखद रहेको बताउनुहुन्छ । भानु जन्मस्थललाई भानुधामको रूपमा विकास गर्ने नगरपालिकाको योजना रहेको उहाँले बताउनुभयो । सङ्घ सरकारसँग सहकार्य गरी नगरपालिकाले नै भानुको घर पुनःनिर्माण गर्ने योजना रहेको त्रिपाठीले बताउनुभयो । यता आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले भने अब आफैले भानु गृह निर्माण गर्ने बताएको छ । भानु गृह जीर्ण बन्दै गएको र पश्चिमाञ्चल विकास मञ्चले पनि काम सुरु नगरेपछि समितिले नै भानुगृह पुनःनिर्माण गर्ने बताएको छ । विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले आगामी वर्ष विकास समितिको पहलमा नै भानु गृहको पुनःनिर्माण गर्ने सोच बनाइएको जानकारी दिनुभयो ।

भानु गृह पुनःनिर्माणका विषयमा पटक-पटक सम्पर्क गर्दा अनेक बहाना बनाइएको रानाभाटले बताउनुभयो । "बाटो छैन, पानी छैन भनेर उहाँहरूले काम सुरु गर्नुभएन, अब काम होला जस्तो पनि लागेन, हामी आफै बनाउँछौं" उहाँले भन्नुभयो । विकास समितिसँग पर्याप्त बजेट नहुने भएकाले सङ्घीय सरकारसँग यसको विषयमा कुरा गरिने रानाभाटले बताउनुभयो । समितिले यसै वर्ष शिखर कटेरीमा पानी र बत्तीको व्यवस्था गरेको छ । शिखर कटेरीमा नै रामायण भवन निर्माण सम्पन्न भइसकेको छ । पर्यटन मन्त्रालयको रु तीन करोड लगानीमा रामायण भवन निर्माण गरिएको हो । आकर्षक रूपमा बनाइएको यस भवनको बार्दली काठमा कुँदिएको कलात्मक छ ।

विसं १८७१ असार २९ गते तनहुँको भानु नगरपालिकास्थित चुँदी रम्घामा जन्मिनुभएका भानुभक्तको नाम नेपालमा मात्र होइन विश्वभर प्रख्यात छ । भानु जयन्तीको दिन देशभित्र तथा देशबाहिर पनि विविध कार्यक्रम हुँदै आएका छन् । भानुभक्तको योगदानको कदर गर्दै चुँदी रम्घालाई साहित्यिक तीर्थस्थल बनाउने भनेर योजना बनाइए पनि कार्यान्वयन नभएकामा स्थानीयवासी निराश छन् । भानुभक्तको जन्मगाउँ अहिले संरक्षणको पर्खाइमा छ । सरकारले भानु जन्मस्थलको विकासका लागि २०५२ सालमा भानु जन्मस्थल विकास समिति गठन गरेपनि सरकार परिवर्तनसँगै समितिको नेतृत्व पनि परिवर्तन हुँदा ठोस् काम हुन नसकेको स्थानीयवासीको गुनासो छ ।

स्थानीयवासी रिदम आचार्यले नजिकको तीर्थ हेला भने झैँ भानुभक्तको जन्मथलो उपेक्षामा परेको गुनासो गर्नुभयो । नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यले नेपाली साहित्यिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएपनि राज्यले भानुको सम्मान गर्न नसकेको उहाँको भनाइ छ । भानुभक्त आचार्यको पाँचौँपुस्ताका खलाती केदारभक्त आचार्यले भानुभक्तलाई दार्जिलिङ र सिक्किममा निकै आदर गर्ने भए पनि नेपालमा भानुको सम्मान हुन नसकेको बताउनुभयो । "भानुगृह खण्डहर बनेको यत्तिका वर्ष बितिसक्यो, तर सरकारले यसको पुनःनिर्माणमा चासो दिएन," उहाँले भन्नुभयो,"भानुगृह पुनःनिर्माणका लागि सरकारले चासो देखाउनुपर्छ ।"

आचार्यको जन्मस्थल चुँदीरम्घामा विश्वकै अग्लो भानुभक्तको शालिक निर्माण गरिने भएको छ । इन्टरनेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेशन अफ अमेरिकाले भानुभक्तको अग्लो शालिक निर्माण गर्न लागेको हो । त्यसका लागि फाउण्डेशनका अध्यक्ष डिल्ली अधिकारीको नेतृत्वमा गत मङ्सिरमा भानुमा निरीक्षण गरिएको थियो । "भानुभक्तले नेपाली भाषाको क्षेत्रमा ठूलो योगदान पुऱ्याउनुभएको छ, तर आज विश्वमाझ भानुजन्मस्थल ओझेलमा परेको महसुस भएको छ," उहाँले भन्नुभयो, "यस ठाउँको प्रचारप्रसार गर्न र विश्वकै ध्यान आकर्षित गर्न अग्लो शालिक बनाउँछौं ।"

अधिकारीले मूर्ति निर्माणपछि यस ठाउँमा विश्वभरका नेपाली भाषाको आगमन बढ्ने आशा गरिएको बताउनुभयो । "संसारभरका नेपाली भाषीलाई एकीकृत गराउने लक्ष्य लिएका छौं," उहाँले भन्नुभयो, "जति खर्च लागेपनि फाउण्डेशनबाट खर्च जुटाउँछौं ।"

# मनाङ पूर्ण खोप सुनिश्चितता घोषणा

पोखरापत्र संवाददाता

मनाङ, २९ असार

मनाङलाई पूर्ण खोप सुनिश्चितता भएको जिल्ला घोषणा गरिएको छ । जिल्लाका लक्षित बालबालिकालाई सबै खोप पूरा गरिएपछि मनाङलाई पूर्ण खोप सुनिश्चितता भएको जिल्ला घोषणा गरिएको हो ।

जिल्लाका १६ महिनादेखि २३ महिनासम्मका ७२० बालबालिकालाई सबै खोप लगाइसकेपछि पूर्ण खोप सुनिश्चित घोषणा गरिएको स्वास्थ्य कार्यालयका प्रमुख बाबुराम आचार्यले जानकारी दिनुभयो ।

तोकिएको उमेर समूहका बालबालिकाले खोप लगाउन छुटेकालाई समेत लगाइएपछि मनाङलाई पूर्ण खोप सुनिश्चित् घोषणा गरिएको उहाँले बताउनुभयो । जिल्ला समन्वय समितिका प्रमुख चीन घलेले घोषणा मात्रै ठूलो कुरा नभएकाले यसको कार्यान्वयन पक्षलाई ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

"पूर्ण खोप सुनिश्चितता अभियानलाई दिगोपना कायम राख्नका लागि मनाङ नै प्रतिबद्ध हुनुपर्छ", घलेले भन्नुभयो । सबै पालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएपछि जिल्लालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको स्वास्थ्य कार्यालयका प्रमुख आचार्यले बताउनुभयो । उहाँका अनुसार यसअघि चार पालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएको थियो । नासों गाउँपालिका, चामे गाउँपालिका, मनाङ ङिस्याङ गाउँपालिका र नार्पाभूमि गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएको हो । "सबै प्रक्रिया पूरा गरेपछि पूर्ण खोप सुनिश्चित घोषणा गरेका हौं, बालबालिकाले पूर्ण खोप पाए/नपाएको बारेमा अनुगमन पश्चात् मात्रै घोषणा गर्ने प्रावधान छ, सोही अनुरुप हिमाली जिल्ला मनाङलाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको हो", उहाँले भन्नुभयो । प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले सुगम क्षेत्रका जिल्लाले नै खोप अभियान सञ्चालन गरिरहेका अवस्थामा पनि पूर्ण खोप सुनिश्चित घोषणा गर्न नसकिरहेको बेलामा मनाङलाई पहिले नै घोषित गराउन सफल भएको बताउनुभयो । बालबालिकालाई कोभिड-१९, टाइफाइड, विभिन्न रोगको सङ्क्रमण नियन्त्रण गर्न सहयोग पुग्ने खोप पूर्ण मात्रामा लगाइसकिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# डेढ दशकपछि बेनी-सिमखण्ड कालोपत्र

पोखरापत्र संवाददाता

म्याग्दी, २९ असार

म्याग्दीको बेनी-सिमखण्ड निर्माण भएको १६ वर्षपछि कालोपत्र भएको छ ।

बाह्र किलोमिटर लामो उक्त सडक कालोपत्र भएपछि पश्चिम म्याग्दीका तीन गाउँपालिकाका साथै छिमेकी बागलुङको पश्चिमी क्षेत्रका बासिन्दा लाभान्वित भएका छन् ।

सडक कालोपत्र भएपछि मङ्गला, मालिका र धौलागिरि गाउँपालिकाका साथै पश्चिम बागलुङ्का ढोरपाटन, धम्जा लगायत गाउँका बासिन्दा लाभान्वित भएका हुन् । विसं २०६३ मा निर्माण गरिएको २७ किलोमिटर लामो बेनी-दरबाङ सडक खण्डमध्ये १२ किलोमिटर लामो बेनी-सिमखण्ड कालोपत्र भएपछि अब जोखिमपूर्ण यात्रा हटेको छ । सडक कालोपत्र भएपछि करिब दुई घण्टाको यात्रा अवधि २५ मिनेटमा छोटिएको मालिका-५ का भुवन बूढाले बताउनुभयो । "सामान ढुवानी गर्न र आवतजावतमा सजिलो हुनुका साथै धुलो र हिलोबाट मुक्त भएका छौं", रणबाङका हरिकृष्ण पौडेलले भन्नुभयो । अब सो क्षेत्रको व्यापार व्यवसाय फष्टाउने भएको छ । बेनी-सिमखण्ड पूर्वाधार विकास कार्यालयले कालोपत्र गरेको हो । कार्यालयका निमित्त प्रमुख गुरुदत्त अधिकारीका अनुसार पहिरोको समस्या र जग्गा विवाद भएको बाहेकको ठाउँमा कालोपत्र गरिएको छ । एघार मिटर फराकिलो सडकमा सात मिटर कालोपत्र गरिएको छ। सडक कालोपत्र गर्न २०७४ असोजमा रु ४५ करोडमा ठेक्का सम्झौता भएको थियो । निर्माण कम्पनीले उपकरण र मजदुर परिचालन गर्न नसक्दा काम गर्न ढिलाइ भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ। तत्कालीन सडक डिभिजन कार्यालयले ठेक्का लगाएको उक्त सडक २०७५ पुसमा प्रदेश सरकारलाई हस्तान्तरण गरिएको थियो ।

आयोजनाको दोस्रो चरणमा लाम्पाटादेखि दरवाङसम्मको आठ किलोमिटर खण्ड कालोपत्र गर्न रु २२ करोड ५७ लाखमा विरुवा-क्याराभान जेभीले ठेक्का लिएको छ । एक वर्षयता सो कम्पनीले काम नगर्दा काम अधुरै छ । यस्तै मङ्गला गाउँपालिकाको सिमदेखि लाम्पाटासम्मको साढे दुई किलोमिटर सडक स्तरोन्नतिका लागि सम्झौता भएको छ ।

# एक लाख २५ हजार राशिको भानुभक्त पुरस्कार नेपालीलाई प्रदान

रासस

काठमाडौं, २९असार

यस वर्षको आदिकवि भानुभक्त पुरस्कार इतिहासकार चित्तरञ्जन नेपालीलाई प्रदान गरिएको छ । नेपाल शिक्षा परिषद्ले २०९ औं भानुजयन्तीका अवसरमा हरेक वर्ष प्रदान गर्दै आएको आदिकवि भानुभक्त पुरस्कारबाट यस वर्ष इतिहासकार नेपालीलाई प्रदान गरिएको हो ।

रु एक लाख २५ हजार नगद राशि र प्रमाणपत्र रहेको उक्त पुरस्कार आज साहित्यकार एवं शिक्षाविद मुकुन्द शर्मा चालिसेले नेपालीलाई प्रदान गर्नुभयो । भानु पुरस्कारबाट सम्मानित नेपाली विसं २०१३ सालको मदन पुरस्कार विजेतासमेत हुनुहुन्छ। बयानब्बे वर्षीय नेपालीले 'तत्कालीन नेपाल र भीमसेन थापा' कृतिमा मदन पुरस्कार पाउनुभएको थियो ।

पुरस्कार हस्तान्तरण गर्दै शिक्षाविद चालिसेले नेपाली साहित्य क्षेत्रको विकास र विस्तारमा भानुभक्त आचार्यको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो । उहाँले भानुजयन्तीको महत्वपूर्ण दिनमा महत्वपूर्ण व्यक्तिलाई भानु पुरस्कार अर्पण गर्न पाएकोमा आफैंलाई भाग्यमानी भएको बताउनुभयो । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका पूर्वअध्यक्ष मोहन सिटौला र नेपाल शिक्षा परिषद्का सदस्य डा बमबहादुर थापा 'जीताली'ले भानुभक्त आचार्यको साहित्य नेपालमा मात्र नभई विश्वमाझ फैलिएको बताउनुभयो ।

नेपाल शिक्षा परिषद्का अध्यक्ष रमा शर्माले नेपाली भाषा, साहित्य, संस्कृति र अध्यात्म क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिलाई हरेक वर्ष भानु पुरस्कारबाट सम्मान गर्दै आएको बताउनुभयो । उहाँले अक्षयकोष स्थापना गरी भानु पुरस्कार स्थापना गर्दै आएको उल्लेख गर्नुभयो ।

विसं २००८ सालमा स्थापना भएको नेपाल शिक्षा परिषद्ले विसं २०१६ सालमा नेपालका तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको बाहुलीबाट दरबार हाइस्कूल अगाडि भानुभक्तको प्रतिमा स्थापना गरी हरेक वर्ष भानुजयन्तीमा माल्यार्पण गर्दै आएको नेपाल शिक्षा परिषद्का सदस्य सचिव लक्ष्मण थापाले जानकारी दिनुभयो ।

# २८ पुगे हैजाका बिरामी

रासस

काठमाडौं, २९ असार

काठमाडौँ उपत्यकामा थप एक जनामा हैजा भेटिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले थप एक जनामा हैजाको बिरामी भेटिएको बताउनुभयो ।

उहाँका अनुसार भक्तपुर स्थित बालकोटमा एक जनामा हैजा भेटिएको बताउनुभयो । अहिलेसम्म हैजाका बिरामी २८ पुगेको छ ।

